आकाशवाणी

October 14th, 2024  Monday

प्रमुख समाचार:

- राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र अल्जेरियाका राष्ट्रपतिबीच द्विपक्षीय भेटवार्ता
- विदेश मन्त्री डा एस जयशंकरद्वारा eMigrate वेब पोर्टल र मोबाइल एपको उद्घाटन
- यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार अमेरिकी अर्थशास्त्रीहरूलाई
- भारतले सन् २०२५ मा ISSF जुनियर विश्वकप शुटिङको आयोजना गर्ने
- अनि आई सी सी महिला टी-20 क्रिकेट विश्वकपमा अहिले साँझ पाकिस्तान र न्यूजिल्याण्डबीच प्रतिस्पर्धा हुँदै

Prez Visit

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज अल्जेरिया भ्रमणको दोस्रो दिन शहीद स्मारक माकम इचाहिदमा पुगेर पुष्पहार अर्पण गर्नुभएको छ। राष्ट्रपतिले मौदजाहिदको राष्ट्रिय संग्रहालयको पनि भ्रमण गर्नुभयो। यो संग्रहालय फ्रान्सेली उपनिवेशवाद विरुद्ध अल्जेरियारी संघर्षको सम्झनामा निर्माण गरिएको हो। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुलाई अल मौरादिया दरबारमा भव्य स्वागत गरिएको थियो। उहाँले अल्जेरियाका राष्ट्रपति श्री अब्देलमजिद टेब्बौनसँग द्विपक्षीय भेटवार्ता गर्नुभयो। त्यसपछि राष्ट्रपतिले अल्जेरिया-भारत आर्थिक मञ्चलाई पनि सम्बोधन गर्नु हुनेछ।

India Canada Deplomats

क्यानडाका लागि भारतीय उच्चायुक्त र केही अन्य कूटनीतिज्ञहरू कुनै मुद्दाको अनुसन्धानमा संलग्न छन् भन्ने क्यानाडा सरकारको दाबीलाई भारतले पूर्ण रूपमा अस्वीकार गरेको छ। यस सम्बन्धमा क्यानडा सरकारलाई जवाफ दिँदै विदेश मन्त्रालयले यसलाई निराधार आरोप बताएको छ। मन्त्रालयले जारी गरेको विज्ञप्तिमा क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले गत वर्ष सेप्टेम्बरमा भारतविरुद्ध केही आरोप लगाएको उल्लेख गरिएको छ। भारतले लगातार प्रमाण मागे पनि क्यानडा सरकारले अहिलेसम्म कुनै जवाफ दिएको छैन। अनुसन्धानको नाममा राजनीतिक लाभका लागि भारतलाई बदनाम गर्ने षड्यन्त्र रचिएकोमा कुनै शंका नभएको मन्त्रालयले जनाएको छ।

Jaishankar – e-Migrate Portal

विदेश मन्त्री डा एस जयशंकरले आज दिल्लीमा eMigrate V2.0 वेब पोर्टल र मोबाइल एपको उद्घाटन गर्नुभयो। eMigrate पोर्टल भारतीय आप्रवासीहरूका लागि सुरक्षित, पारदर्शी र समावेशी गतिशीलता सिर्जना गर्ने सरकारको प्रयासको उदाहरण हो। eMigrate पोर्टलमा २ लाख ८१ हजार विदेशी रोजगारदाताहरू पञ्जीकृत छन्। विदेशमन्त्रीले विदेश जाने, त्यहाँ अध्ययन गर्ने वा विदेशमा बसोबास गर्नेहरूलाई सजिलो

बनाउनु  र उनीहरूको हितको ख्याल गर्नु सरकारको विदेश नीतिको मुख्य उद्देश्य हो भन्नुभयो। पोर्टलले आप्रवासीहरूलाई पनि सामाजिक सुरक्षा प्रदान गर्ने कुरामा डा जयशंकरले विश्वास व्यक्त गर्नुभएको छ।

SC COVID 19

सर्वोच्च अदालतले कोभिड–१९ को खोपका कारण रगत जम्ने जस्ता साइड इफेक्टहरू भएको भन्दै दायर गरिएको निवेदनलाई  खारेज गरेको छ । प्रधानन्यायाधीश डीवाई चन्द्रचुड, न्यायाधीश जेबी पर्दिवाला र मनोज मिश्रको इजलासले सनसनी फैलाउनका लागि जनहित याचिका दायर गरेको बताएको छ ।

RBI Governor

भारतीय रिजर्व बैंकका गभर्नर श्री शक्तिकान्त दासले भन्नुभएको छ, भारतले विश्व-स्तरीय डिजिटल सार्वजनिक पूर्वाधार विकास गरेको छ। यस पूर्वाधारले उच्च गुणस्तरको डिजिटल वित्तीय उत्पादनहरूको विकासलाई सहज बनाएको छ। उहाँले मुलुक अहिले विश्वको तेस्रो ठूलो भाइब्रन्ट स्टार्टअप इकोसिस्टमको केन्द्र बनेको बताउनुभयो । यहाँ एक लाख ४० हजारभन्दा बढी स्टार्टअप र सयभन्दा बढी युनिकर्न छन्। आज नयाँ दिल्लीमा आरबीआईको ९० औँ उच्चस्तरीय सम्मेलनलाई सम्बोधन गर्दै श्री दासले यस्तो बताउनुभएको हो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

Bahraich - Clash

उत्तर प्रदेशको बहराइच जिल्लाको हरदी क्षेत्रमा हिजो दुर्गा मूर्ति विसर्जनका क्रममा भएको झडपमा एक युवकको मृत्यु भएपछि स्थिति तनावपूर्ण तर नियन्त्रणमा रहेको छ । जिल्लामा इन्टरनेट सेवा अवरुद्ध भएको छ । यसैबीच हर्दी प्रहरी चौकीका एसओ र महसीका इन्चार्जसहित दुई जना प्रहरी निलम्बनमा परेका छन् ।

Gadkari – Bio-Fuel

केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री श्री नितिन गडकरीले देश भरी इथानोल जैव इन्धनका चार सय पम्प जडान भइरहेको जानकारी दिनुभएको छ। उहाँले आज नयाँ दिल्लीमा भारतीय उद्योग परिसंघले आयोजना गरेको जैव ऊर्जा शिखर सम्मेलन २०२४ मा बोल्दै यस्तो बताउनुभएको हो। उहाँले तीनवटा अटोमोबाइल कम्पनीले चाँडै नै फ्लेक्स इन्जिनका गाडी बजारमा ल्याउने बताउनुभयो ।

Bhupendra – Cheetah

मध्य प्रदेशको कुनो राष्ट्रिय निकुञ्जको घेरामा राखिएका अफ्रिकी चीतालाई छिट्टै खुला जंगलमा छाड्ने भएको छ । केन्द्रको चीता परियोजना संचालन समितिको सिफारिसमा चीता र तिनका बच्चालाई खुल्लामा छाड्ने निर्णय भएको वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालय स्रोतले जनाएको छ । यी चीताहरूलाई चरणबद्ध रूपमा घेराबाट मुक्त गरिनेछ।  राष्ट्रिय निकुञ्जमा हाल १२ वटा शावकसहित २४ चीता रहेका छन् । सरकारले चीता भित्र्याउन विभिन्न देशसँग वार्ता गरिरहेको छ ।  केन्द्रीय वातावरण मन्त्री भूपेन्द्र यादवले एक पेड माँ के नाम पहल

अन्तर्गत देशभर करिब ९३ करोड बिरुवा रोपिएको बताउनुभएको छ। उहाँले यस अभियानमा सहभागी हुने पदाधिकारी, समाजसेवी र सर्वसाधारणको प्रयासको प्रशंसा गर्नुभयो।

National Water Awards

पाँचौ राष्ट्रिय जल पुरस्कार 2023 आज नयाँ दिल्लीमा घोषणा गरियो। राज्य वर्गमा ओडिशाले प्रथम पुरस्कार जितेको छ भने उत्तर प्रदेश दोस्रो स्थानमा छ। गुजरात र पुडुचेरी संयुक्त रूपमा तेस्रो स्थानमा छन्। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले यही महिनाको २२ तारिख नयाँ दिल्लीमा यी पुरस्कारहरू प्रदान गर्नु हुनेछ।

Dharmendra India – US Summit

शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानले विद्यार्थीलाई जिम्मेवार नागरिक बनाउन र दूरदृष्टि निर्माण गर्ने उद्देश्यले राष्ट्रिय शिक्षा नीति आएको बताउनुभएको छ। उहाँ आज नयाँ दिल्लीमा अमेरिका-भारत रणनीतिक साझेदारी मञ्चले आयोजना गरेको शिखर सम्मेलनलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। मन्त्रीले देशमा राष्ट्रिय शिक्षा नीति कार्यान्वयनको पाँचौं वर्षको प्रशंसा गर्दै विद्यार्थीलाई विश्वव्यापी स्तरको गुणस्तरीय शिक्षा दिनुपर्नेमा जोड दिनुभयो।

Nobel Prize Economics

अमेरिकी अर्थशास्त्री डारोन एसेमोग्लु, साइमन जोन्सन र जेम्स रोबिन्सनलाई सन् २०२४ को अर्थशास्त्रको नोबेल पुरस्कार प्रदान गरिने भएको छ। आर्थिक वृद्धि गर्न, असमानता घटाउन र कानूनको शासन सुधार गर्न उनीहरूले पुर्‍याएको योगदानको प्रशंसा गर्दै यो पुरस्कार प्रदान गरिन लागेको रोयल स्वीडिश एकेडेमी अफ साइन्सेजले जनाएको छ।

Air Quality - Delhi

दिल्ली सरकारले बढ्दो प्रदूषणलाई ध्यानमा राख्दै आजदेखि सबै प्रकारका पटाका उत्पादन, भण्डारण र बिक्रीमा पूर्ण प्रतिबन्ध लगाएको छ। यो प्रतिबन्ध आजदेखि अर्को वर्षको जनवरी १ सम्म लागू हुनेछ।

ISSF Shooting

भारतले अर्को वर्ष ISSF जुनियर विश्वकपको सुटिङ आयोजना गर्नेछ। अन्तर्राष्ट्रिय सुटिङ खेलकुद महासंघका अध्यक्षले यसको पुष्टि गरेका छन्। विश्वकपको फाइनलअघि हिजो नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उनले यस्तो जानकारी दिएका हुन्।

Women's Cricket

दुबईमा जारी आई सी सी महिला टी-20 क्रिकेट विश्वकपमा आज साँझ समूह 'ए' अन्तर्गतको खेलमा पाकिस्तान र न्यूजिल्याण्डबीच प्रतिस्पर्धा हुँदैछ। खेल भारतीय समय अनुसार साँझ ७:३० बजे सुरु हुनेछ।

अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र अल्जेरियाका राष्ट्रपतिबीच द्विपक्षीय भेटवार्ता
- विदेश मन्त्री डा एस जयशंकरद्वारा eMigrate वेब पोर्टल र मोबाइल एपको उद्घाटन
- यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार अमेरिकी अर्थशास्त्रीहरूलाई
- भारतले सन् २०२५ मा ISSF जुनियर विश्वकप शुटिङको आयोजना गर्ने
- अनि आई सी सी महिला टी-20 क्रिकेट विश्वकपमा अहिले साँझ पाकिस्तान र न्यूजिल्याण्डबीच प्रतिस्पर्धा हुँदै

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।